बान्नीगढी जयगढ गाउँपालिका अध्यक्ष

**टेक बहादुर साउँद**

र

प्रमुख प्रशासकीय अधिकृत

सुरेश प्रसाद जैसी

बीच भएको

# कार्यसम्पादन सम्झौता

आ.व. २०८३/०८४

बान्नीगढी जयगढ गाउँपालिका

अछाम

१ साउन, २०८३

बान्नीगढी जयगढ गाउँपालिकाकाका अध्यक्ष श्री टेक बहादुर साउदसँग प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश प्रसाद जैसीले गर्नुभएको कार्यसम्पादन सम्झौता

| क्र.स. | क्रियाकलाप | उपलब्धि सूचक | कै. |
|---|---|---|---|
| १. | गाउँसभा र कार्यपालिका बैठकको सचिव भई कार्य गर्ने। | निर्णयहरू प्रमाणित गरी सुरक्षित रूपमा अभिलेख राखिएको हुनेछ र कानून बमोजिम तोकिएको समयभित्र वेभसाईट मार्फत सार्वजनिक भएको हुनेछ । | |
| २. | वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमामा सहयोग गर्ने । | गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रम तोकिएको समयभित्र तयार भई गाउँसभाबाट स्वीकृत भएको हुनेछ। | |
| ३. | गाउँपालिकाको प्रशासकीय तथा वित्तीय नियन्त्रण गर्ने। | गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयार भई पूर्ण रूपमा कार्यान्वयन भएको हुनेछ। | |
| ४. | वार्षिक बजेट तथा कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने। | स्वीकृत बजेटको कम्तीमा ८५% भौतिक तथा वित्तीय प्रगति हासिल भएको हुनेछ। | |
| ५. | विषयगत शाखा प्रमुखहरु तथा वडा सचिवहरुलाई खर्चको अख्तियारी प्रदान गर्ने । | वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भएको १५ दिनभित्र वडा सचिवहरू र विषयगत शाखा प्रमुखहरूलाई खर्च गर्ने अख्तियारी प्रदान गरिएको हुनेछ। | |
| ६. | गाउँपालिकाको चौमासिक आय-व्यय विवरण पेश गर्ने । | प्रत्येक चौमासिक अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिका बैठकमा आय-व्ययको चौमासिक प्रगति विवरण पेश भएको हुनेछ। | |
| ७. | विषयगत शाखा प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता गर्ने । | सबै विषयगत शाखा प्रमुखहरुसँग कार्यविवरण बमोजिम कार्यसम्पादन सम्झौता भएको हुनेछ । | |
| ८. | आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने र बेरुजु फछ्र्यौट गर्ने। | आ.ले.प. र म.ले.प. समयमै सम्पन्न भई विगतको बेरुजु फछ्र्यौट भएको हुनेछ। | |

प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर साउद
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
जगाउँ, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ९. | योजनाहरूको प्राविधिक जाँच तथा फरफारक प्रतिवेदन कार्यपालिकामा पेश गर्ने। | आ.व. समाप्त भएको एक महिनाभित्र योजना फरफारक प्रतिवेदन तयार गरी कार्यापालिकामा पेश भएको हुनेछ। | |
| १०. | वार्षिक खरिद योजना र बजेट तथा कार्यक्रम कार्यान्वयन योजना स्वीकृत गरी कार्यान्वयन गर्ने। | श्रावण महिनाभित्र वार्षिक खरिद योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार भई सोहि बमोजिम कार्य सम्पन्न भएको हुनेछ। | |
| ११. | प्रविधिमैत्री तथा पारदर्शी सेवा प्रवाह गर्ने । | डिजिटल नागरिक वडापत्र, बायोमेट्रिक हाजिरी, र एकद्वार सेवा प्रणाली लागू गरी दैनिक प्रशासनिक सञ्चालनलाई चुस्त, पारदर्शी र कर्मचारी व्यवस्थापन प्रविधिमैत्री भएको हुनेछ। | |
| १२. | ई-गभर्नेन्स, अनलाइन, राजस्व तथा घटना दर्ता प्रणाली सञ्चालन गर्ने । | गाउँपालिका र ६ वटै वडामा अनलाइन प्रविधिमार्फत सेवा प्रवाह पूर्ण रूपमा सञ्चालन भएको हुनेछ। | |
| १३. | जनउत्तरदायी सुशासन र एकीकृत सेवा प्रवाहको पहुँच अभिवृद्धि गर्ने । | वर्षमा कम्तीमा ३ पटक सार्वजनिक सुनुवाइ तथा एकीकृत घुम्ती शिविर सञ्चालन गर्दै गुनासोहरूको शीघ्र सम्बोधन, खानेपानी र प्रतीक्षाकक्ष सहितको नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गरिनेछ। | |
| १४. | राजस्व सङ्कलन र सञ्चित कोष व्यवस्थापन गर्ने । | स्वीकृत आर्थिक ऐन बमोजिम राजस्व सङ्कलन, दाखिला एवं सञ्चित कोषको हिसाब चुस्त र व्यवस्थित राखिएको हुनेछ। | |
| १५. | सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय तथा सहकार्य गर्ने । | गाउँपालिका क्षेत्रभित्र सञ्चालित सङ्घीय र प्रदेशस्तरका विकास आयोजनाहरूको कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण भएको हुनेछ। | |
| १६. | न्यायिक समितिका मिसिल संरक्षण र आवश्यक स्थानीय कानुनको मस्यौदा तयार गर्ने। | विवाद मिलापत्र मिसिल सुरक्षित रहने र आवश्यक कानुनको मस्यौदा पेश भएको हुनेछ। | |

प्रमुख प्रशासकीय अधिकृत

बहादुर साउद
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १७. | गाउँपालिकाको चल/अचल सम्पत्ति अद्यावधिक गर्ने तथा आवश्यक परेमा लिलाम बिक्री गर्ने। | सम्पत्तिको लगत अद्यावधिक भई जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम प्रक्रिया सम्पन्न भएको हुनेछ। | |
| १८. | स्थानीय कानुनको मस्यौदा तयार गर्ने/गराउने । | गाउँपालिकाको अधिकार क्षेत्रभित्रका आवश्यक कानुन, कार्यविधि तथा मापदण्डको मस्यौदा तयार गरी कार्यपालिकामा पेश भएको हुनेछ। | |
| १९. | विपत् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्ने। | विपत् कोषको पारदर्शी परिचालन र पूर्वतयारी व्यवस्था चुस्त बनाइएको हुनेछ। | |
| २०. | प्रचलित कानुन बमोजिम गर्नुपर्ने अन्य कार्यहरू सम्पादन गर्ने। | कानुन तथा कार्यपालिकाको निर्णय बमोजिमका कार्यहरू तोकिएकै समयभित्र सम्पन्न भएका हुनेछन्। | |
| २१. | यो सम्झौता मिति २०८३।०४।०१ गतेबाट लागु हुनेछ र बहालवाला प्रमुख प्रशासकीय अधिकृत सरुवा हुँदा नयाँ आउने प्रमुख प्रशासकीय अधिकृतसँग नीज हाजिर भएको मितिबाट कार्यान्वयन आएको मानिने छ । | | |
| २२. | गाउँपालिकाबाट सम्पादन हुने सम्पूर्ण आयोजना सम्बन्धी कार्यहरु वैशाख मसान्त सम्म कार्य सम्पादन गरि सक्नु पर्नेछ। | | |
| २३. | यो सम्झौता तथा प्रचलित कानुन बमोजिम कामकाज गर्न नसकेमा गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतसँग स्पष्टीकरण सोधन वा अन्य आवश्यक कारवाही गर्न सक्नेछ । | | |

.......................

सुरेश प्रसाद जैसी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

.......................

टेक बहादुर साउद
अध्यक्ष

ईति सम्बत् २०८३ साल श्रावण १ गते रोज ६ शुभम् ।